**नेपाल सरकार**
**शिक्षा मन्त्रालय**

# पाठ्यक्रम विकास केन्द्र

**सानोठिमी, भक्तपुर**

## पाठ्यपुस्तक छपाइ तथा वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई प्रस्ताव पेस गर्नेसम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मितिः २०६५ मङ्सिर ९ गते)

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा २०६३।७।१२ मा जारी विद्यालय पाठ्यपुस्तक छपाइ तथा वितरण निर्देशिका २०६३ बमोजिम पूर्वाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा कक्षा एकदेखि कक्षा आठसम्मका देहायका पाठ्यपुस्तक छपाइ गरी बिक्री वितरण गर्न इच्छुक मुद्रक तथा वितरकले देहायको विवरण खुलाई आफ्नो प्रोफाइलसहित यस केन्द्रबाट तोकिएको ढाँचामा यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस केन्द्रमा आइपुग्ने गरी रु. ५।- को टिकट टाँसी सिलबन्दी प्रस्ताव पेस गर्न यो सूचना प्रकाशित गरिएको छ।

## तपसिल

(क) कक्षा १ देखि ५ सम्मका **मेरो नेपाली, मेरो गणित** र **My English Book**

(ख) कक्षा १ देखि ४ सम्मका **मेरो विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा** र **मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला**

(ग) कक्षा ५ का **मेरो वातावरण** र **मेरो देश**

(घ) कक्षा ६, देखि ८ सम्मका **हाम्रो नेपाली, हाम्रो गणित, हाम्रो विज्ञान, हाम्रो सामाजिक अध्ययन, Our English Book, हाम्रो जनसङ्ख्या र वातावरण शिक्षा, हाम्रो पूर्वव्यवसायिक शिक्षा, हाम्रो स्वास्थ्य र शारीरिक शिक्षा, हाम्रो नागरिक तथा नैतिक शिक्षा** र **अस्माकम् संस्कृतम् माला**

### (क) प्रोफाइलमा संलग्न हुनुपर्ने कागजातको विवरण

१. संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरणसमेत)
२. आयकर तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. छपाइ भई हाल बजारमा आएका पुस्तकहरूको विवरण
४. वितरण प्रणाली, भण्डारण व्यवस्था, गोदामको क्षमता तथा वितरण सञ्जाल
५. मुद्रण वा वितरण कार्य अरू संस्था वा फर्मसँग मिली गर्ने भए सो संस्था र प्रस्तावक मुद्रक तथा वितरकबीच भएको सम्झौताको प्रतिलिपि तथा विगतमा सम्पन्न गरेका कार्यहरूको विवरण
६. छपाइ गर्न चाहेको पुस्तक, छपाइ गरी वितरण गरिने जिल्ला र छपाइ गर्ने अनुमानित पुस्तक सङ्ख्या
७. प्रेसको किसिम र क्षमता
८. विगत तीन वर्षको आर्थिक कारोवारको विवरण तथा लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणको प्रतिलिपि
९. छपाइ तथा वितरण कार्यमा संलग्न जनशक्तिको विवरण
१०. मुद्रण तथा वितरणको कार्यतालिका।

### (ख) मुद्रक तथा वितरकले पालना गर्नुपर्ने अन्य सर्त तथा जानकारीहरू

१. सम्बन्धित फर्म वा संस्थाबाट पेस हुने प्रोफाइलसहितको प्रस्तावहरूको मूल्याङ्कनका आधारमा मुद्रक तथा वितरक सूची प्रकाशित गरिने छ। उक्त सूची एक शैक्षिक वर्षका लागि कायम हुने छ।
२. तोकिएबमोजिमको गुणस्तर (Specification) अनुसार पाठ्यपुस्तक छपाइ र वितरण गर्नुपर्ने छ। केन्द्रले उपलब्ध गराएको मुद्रणीय प्रति (सीआरसी) छपाइ तथा वितरण गर्नुपर्ने र पाठ्यपुस्तकको प्रकाशक केन्द्र नै रहने एवम् सर्वाधिकारसमेत केन्द्रमा नै निहित रहने छ। पाठ्यपुस्तकको मूल्य जनक शिक्षा सामग्री केन्द्र लि.,सानोठिमी, भक्तपुरको मूल्यमा नबढने गरी कायम गर्नुपर्ने छ।
३. सूचीकृत हुने मुद्रक तथा वितरकले स्वीकृति पत्र प्राप्त गर्न सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस केन्द्रले तोकेको बैङ्कमा रु. ५०,०००।- (पचासहजार) धरौटी वापत नगद जम्मा गरेको सक्कलै भौचर पेस गर्नुपर्ने छ। केन्द्रबाट पाठ्यपुस्तकहरूको मुद्रणीय प्रति प्राप्त गर्न मुद्रक तथा वितरकले प्रति पुस्तकको रु. १०,०००।- (दसहजार) तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने छ। केन्द्रले उपलब्ध गराएको गुणस्तर (Specification) बमोजिमको पाठ्यपुस्तक छपाइ र वितरण नभएको पाइएमा, मुद्रण तथा वितरण कार्यतालिकाअनुसार कार्य नगरेमा र केन्द्रले दिएको निर्देशन पालना नगरेमा उक्त धरौटी रकम जफत हुनेछ। धरौटी जफत भएका मुद्रक तथा वितरकले अर्को वर्षमा पाठ्यपुस्तक छपाइ र वितरण कार्यमा संलग्न हुन पाउने छैनन्।
४. उक्त पूर्वाञ्चल तथा पश्चिमाञ्चल विकास क्षेत्रमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पनि साविकबमोजिम नै पाठ्यपुस्तक बिक्री वितरण गर्नेछ।
५. यस सूचनामा नपरेका अन्य कुराहरू विद्यालय पाठ्यपुस्तक छपाइ तथा वितरण निर्देशिका २०६३ र प्रचलित ऐन नियमअनुसार हुनेछ।
६. प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ।
७. यससम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क राखी बुझ्न सकिनेछ।